# सुन्दरहरैंचा नगरपालिका
**SUNDARHARAINCHA MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय
**Office of Municipal Executive**
विराटचौक, मोरङ
**Biratchowk, Morang**
१ नं प्रदेश, नेपाल
**Province No. 1, Nepal**


मिति : २०७७/०१/०१

## सहुलियत दरमा राजमार्गमा होटल संञ्चालनका लागी प्रस्ताव आह्वानको सुचना ।

नोवेल कोरोना भाइरस (COVID- 19) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागी नेपाल सरकारबाट घोषणा भएको (LOCKDOWN) निषेधाज्ञा को समयमा लकडाउनको पुर्णपालना गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत भएको मापदण्ड अवलम्बन गरी प्याकिङ खाजा एवम् खानाका लागि होटल संञ्चालनार्थ तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपुर्वक सिलबन्दी प्रस्ताव आव्हान गरिएको छ ।

**तपशिल**

१ ईच्छुक योग्यता पुगेका होटल ब्यबसायीले सूचना प्रकाशन भएको मितीले ३ औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी रु ५००।- दस्तुर तिरी प्रस्ताब फारम खरिद गरी नगदी रसिद समेत संलग्न गरी मुल्य अभिबृद्धि कर तथा स्थायी लेखा नम्बरको प्रमाण पत्र, आ.ब २०७५/०७६ को कर चुक्ता प्रमाण पत्र र इजाजत/ब्यबसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी सिलबन्दी प्रस्ताब दर्ता गर्न सकिने छ ।

२ पेश भएका सिलबन्दी प्रस्ताबहरु ४ औं दिन प्रस्ताब दाता तथा कार्यालयको प्रतिनिधिको उपस्थितीमा खोलिने छ । प्रस्ताबदाताको उपस्थिती नभएमा पनि कार्यालयबाट उक्त प्रस्ताब खोल्न बाधा पर्ने छैन ।

३ सुन्दरहरैंचा नगरपालिका अन्तर्गत पुर्बमा खोर्सानै चोकबाट पश्चिम, पश्चिममा सलकपुर चोकभन्दा पुर्ब, र पुर्ब पश्चिम लोकमार्ग बाट १०० मी उत्तर वा दक्षिणमा संञ्चालन गर्नु पर्नेछ ।

४ होटल संचालनका लागी नेपाल सरकारबाट घोषणा भएको (LOCK DOWN) निषेधाज्ञा अबधिभर लकडाउनको पुर्णपालना तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत भएको मापदण्ड अवलम्बन गरेको हुनु पर्नेछ ।

५ कोरोना भाईरसको संक्रमणको जोखिम न्यूनीकरणकालागि खाजा तथा खाना अनिवार्य रुपमा प्याकेजिङ गरि विक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६ खाजा तथा खाना बिक्री बितरणका लागी यस कार्यालयको समन्वयमा निर्धारण गरीएको दररेटमा मात्र बिक्री बितरणको ब्यबस्था मिलाउनु पर्नेछ ।

७ प्रस्ताब पेश गर्ने फर्मले यस कार्यालयबाट उपलब्ध गराईएको प्रस्ताव फारममा दररेट अंक र अक्षर दुबै स्पष्ट रुपले लेखिएको हुनु पर्नेछ ।

८ सिलबन्दी नभई, रीत नपुगी वा म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

९ दर्ता भएका प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१० सिलबन्दी प्रस्ताव फारम पेश गर्ने पत्राचार ठेगाना र सम्पर्क नं. स्पष्ट सँग लेख्नु पर्नेछ ।

११ एउटा फर्मको नाममा जारी भएको नगदी रसीदबाट अर्को फर्मको नाममा दर्ता गर्न पाईने छैन ।

१२ प्रस्तावको दस्तुर तिर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन प्रस्तावको दस्तुर बुझाउने र दर्ता गरीने छ ।

१३ यो सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित अन्य कानुन बमोजिम हुनेछ ।

१४ यस सम्बन्धि अन्य जानकारीका लागि कार्यालय समयमा सम्पर्क राखि बुझ्न सकिने र यस कार्यालयको बेवसाईट http://www.sundarharaichamun.gov.np मा समेत हेर्न, बुझ्न सकिने छ ।

दामोदर चापागाई
प्रमुख प्रशासकीय अधिकृत



PhoneNo.:- 021-545050, 545822,546822, Fax: - 021-545822, Fire Brigade: -021-545666, 021-546666
Website: www.sundarharaichamun.gov.np,Email: sundarharaichamun@gmail.com